# सूचना मेरो अधिकार

(Quarterly RTI News Bulletin)

◆ बर्ष : १ ◆ अङ्क : १ ◆ कार्तिक, २०७७


## सम्पादकीय

### निरन्तरताको प्रतिबद्धता

नागरिक सुसूचित रहे भने सुशासन कायम हुन्छ भन्ने मान्यताका साथ सार्वजनिक निकायबाट सम्पादन हुने कार्यबारे सोधखोज गर्न र जान्न पाउने नागरिकको अधिकार नै सूचनाको अधिकार हो । २०४६ सालको राजनीतिक परिवर्तनपछि निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा सूचना प्राप्त गर्न पाउने नागरिकको यो अधिकारबारे उल्लेख गरिए पनि २०६२/०६३ को राजनीतिक परिवर्तनपछि मात्रै यसको कानुनी र व्यावहारिक कार्यान्वयन हुन थालेको हो ।

२०६४ सालमा जारी नेपालको अन्तरिम संविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिक हकका रूपमा उल्लेख गरियो । सोही अनुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली जारी भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम २०६५ बैशाख २२ गते राष्ट्रिय सूचना आयोगको गठन भयो ।

नेपाल सरकारले २०७६ साल मंसिर २३ गते तेस्रो कार्यकालका लागि आयोगका पदाधिकारीको चयन गऱ्यो । ०७६ पौष २४ गतेदेखि तेस्रो कार्यकालका लागि आयोगका पदाधिकारीको पद बहाल भयो ।

नयाँ पदाधिकारीको पदबहाली सँगसँगै विश्वभर फैलिएको कोभिड- १९ (कोरोना भाइरस) को चपेटाबाट नेपाल पनि मुक्त हुन सकेन । आयोगका नयाँ पदाधिकारीको पदबहाली भएपछि आयोगले कोरोनाबारे नागरिकलाई बेलैमा सही सूचना प्रवाह गर्न नेपाल सरकारलाई पहिलो आदेश जारी गऱ्यो । आयोगले त्यसपछि पनि जनजीविकामा प्रत्यक्ष प्रभाव पार्ने र जनसरोकारका विषयमा नेपाल सरकारलाई आदेशहरू दिँदै आएको र त्यसको परिणाम पनि सकारात्मक नै रहेकोमा आयोग विश्वस्त छ ।

कोरोना महामारीको प्रभावका कारण आयोगका नियमित काममा पनि केही प्रभाव पारेको छ । आयोगमा नयाँ पदाधिकारीको पदबहालीसँगै प्रकाशनका कामलाई नियमित गर्न पनि कठिनाइ उत्पन्न भएको छ । यही अङ्कबाट प्रकाशनारम्भ भएको यस बुलेटिनले आयोगका गतविधिहरूलाई लिपिबद्ध गर्ने विश्वास गरिएको छ । नेपाली र अँग्रेजी भाषामा समेत प्रकाशित हुने यो बुलेटिनले राष्ट्रिय सूचना आयोग र अन्य पक्षबाट सूचनाको अधिकारका क्षेत्रमा भए/गरिएका गतिविधिका साथै आयोगबाट सम्पादन भएका अन्य कार्यहरूबारे जानकारी दिने उद्देश्य राखेको छ । प्रत्येक तीन महिनामा प्रकाशित हुने यो बुलेटिनले अब निरन्तरता पाउने छ । बुलेटिन तयार गर्ने कार्यमा संलग्न पदाधिकारीहरू तथा कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ । ■

# आयोगसँग विकास तथा प्रविधि समितिको छलफल



*काठमाडौं/ राष्ट्रिय सूचना आयोगबाट सम्पादन भएका विषय तथा आयोगका समस्याहरूका बारेमा प्रतिनिधि सभा विकास तथा प्रविधि समितिको बैठकमा २०७७/०४/१३ गते छलफल भयो । समितिकी सभापति माननीय कल्याणीदेवी खड्काको अध्यक्षतामा बसेको सो बैठकमा नेपालमा सूचनाको हकको अवस्था र सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगले खेलेको भूमिकालाई लिएर छलफल भयो ।*

बैठकमा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङले राष्ट्रिय सूचना आयोगबाट सम्पादन भएका कार्यहरूका सम्बन्धमा विस्तृत प्रस्तुति दिनुभएको थियो । समितिका माननीय सदस्यहरूबाट गरिएका जिज्ञासाहरूमाथि आयोगका सम्बद्ध पदाधिकारीहरूबाट सम्बोधन समेत भएको थियो ।


आयोगसँगको बैठकपछिसमितिबाट नेपाल सरकार र राष्ट्रिय सूचना आयोगलाई देहायबमोजिमको निर्देशन भएको थियो ।

- सूचना प्रविधिको युगमा भौतिक रूपमा उपस्थित भई निवेदनका आधारमा मात्र सूचना प्राप्त हुने व्यवस्थाको अन्त्य गरी सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने सूचना वेबसाइट, ईमेल, इन्टरनेट र राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममार्फत् उपलब्ध हुने व्यवस्थाको कार्यान्वयन गर्न नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय सूचना आयोगलाई निर्देशन दिने ।
- राष्ट्रिय सूचना आयोगले बार्षिक रूपमा तयार गर्ने प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश हुने गरेको र त्यस सम्बन्धमा कुनै छलफल हुने व्यवस्था नरहकोले अब उप्रान्त बार्षिक प्रतिवेदन संघीय संसदमा पेश गरी प्रतिवेदनमाथि छलफल हुने नीतिगत व्यवस्था मिलाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।
- सूचना पारदर्शिता र सुशासनको

(बाँकी पृष्ठ ६ मा)

## सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

# भर्चुअल कार्यक्रमका साथ मनाइयो




सेप्टेम्बर २८ लाई सूचनाको सर्वव्यापी पहुँचसबन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने क्रम सन् २०१५ मा UNESCO को महासभाले घोषणा गरेपश्चात् शुरू भएको थियो । संयुक्त राष्ट्रसंघको महासभाले पनि गत बर्ष अर्थात् १५ अक्टोबर २०१९ मा September- 28 लाई प्रत्येक वर्ष सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । त्यस अर्थमा यो संयुक्त राष्ट्र संघले घोषणा गरेपश्चात् सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय रूपमा मनाइएको पहिलो दिवस हो । यस बर्ष कोरोना महामारी विद्यमान रहेकाले राष्ट्रिय सूचना आयोगले भर्चुअलरूपमा ' कोरोना महामारीका समयमा सूचनाको हकको महत्व' (Panel Discussion on Access to Information during Corona Pandemic) विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

कार्यक्रममा विशेष वक्ताको रूपमा UNESCO Nepal का प्रमुख Christian Manhart ले विपदका बेलामा सूचनाको हकको महत्व थप बढेर जानेसाथै अझै पनि सहज रूपमा सूचना पाउन मुस्किल रहेका क्षेत्रमा थप सुधार गर्दै जानु पर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासंघका सभापति गोविन्द आचार्यले सूचनाको हकसम्बन्धी कानुन ल्याउन महासंघको ठूलो योगदान रहेको तर अझै पनि सूचना पाउने वातावरण बन्न नसकेको अवस्थामा रहेको बताउनुभयो । सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल, नेपालका संयोजक उमिद बागचन्दले आयोग केन्द्रमा मात्र रहेको, सूचना नदिनेलाई कारवाही हुन नसकेको र सूचना पाउन प्रक्रिया लामो रहेकाले नियमावली संशोधन गर्नु पर्ने विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सञ्जालका बागमती प्रदेश संयोजक शर्मिला पण्डित, प्रदेश २ का संयोजक मनोज रौनियार र विष्णु चौलागाईले सूचनाको हकको क्षेत्रमा थप कार्य गर्नुपर्ने, सूचना पाउन अझै सहज नभएको, सूचना मागकर्तालाई अनावश्यक दुःख दिने गरिएको, आयोगबाट गरिने निर्णयलाई छिटोछरितो बनाउनु पर्ने र स्थानीय तहमा सूचनाको हकबारे आयोगबाट प्रबर्द्धनात्मक कामलाई प्रथमिकता दिनुपर्नेजस्ता विषयहरू उठाउनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओली थापाले यस दिवसको महत्व, संयुक्त राष्ट्र संघले यो दिवस घोषणा गरेको कारण र आयोगले गरेका कार्यहरूका बारेमा जानकारी गराउनु भएको थियो । आयोगका अर्को सूचना आयुक्त रत्नप्रसाद मैनालीले कोरोना महामारीका बेला अभियन्ताहरूले नागरिकलाई सचेत बनाउनु पर्ने, सूचना मागकर्ताको सुरक्षा तथा आयोगले यस विषयमा गरेका कार्यहरूसहित आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका सभापति तथा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले कार्यक्रम समापन गर्दै संयुक्त राष्ट्रसंघले घोषणा गरेपछि सो दिवस पहिलो पटक औपचारिक रूपमा मनाउन लागिएको उल्लेख गर्नुभयो । सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका अवसरमा सबैमा शुभकामना व्यक्त गर्दै उहाँले सूचनाको हकलाई कार्यान्वयन गर्न, थप बलियो बनाउन, यसलाई अझै नागरिकमैत्री बनाउन, कानुनी व्यवस्थाको कार्यान्वयन गर्न सबैको साथ र सहयोग आवश्यक पर्नुका साथै आयोग आफ्नो जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।

आयोगका सचिव मणिराम ओझाले कार्यक्रम सञ्चालन गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रम दुई घण्टा चलेको थियो । ■

### जानी राखौं

- *सन् १७६६ को डिसेम्बर २ स्वीडेनको संसदबाट प्रेस तथा सूचनासम्बन्धी विधेयक पारित भएको थियो । यो नै सूचनाको हकसम्बन्धी पहिलो कानुन हो । यो विधेयक प्रस्तुत गर्ने व्यक्ति त्यसबेलाका स्वीडेनको संसद सदस्य पादरी एण्ड्रयु सिडशन थिए ।*
- *सन् १८०० मा अमेरिकाको कोर्ट अफ भर्जिनियाबाट जनताको जान्न पाउने हकसम्बन्धी फैसला भएको थियो ।*
- *सन् १९७० पूर्वसम्म यो कानुन लागू गर्ने देश स्वीडेनबाहेक अमेरिका र फिनल्याण्ड मात्र थिए भने १९८० को दशकसम्म सातवटा र १९९० को दशकसम्म आइपुग्दा यो कानुन लागू गर्ने देशको सङ्ख्या १४ पुग्यो ।*
- *हाल विश्वमा ५० भन्दा बढी देशहरूमा सूचनाको हकलाई संविधानमा नै व्यवस्था गरी संवैधानिक हकको रूपमा व्यवस्था गरिएका छ भने करिब ९० देशहरूले ऐन, नियमहरूमार्फत् सूचनाको हकको कार्यान्वयन गर्दै आइरहेका छन् । सूचनाको हकलाई संवैधानिक र कानुनी मान्यता दिने देशहरूको सङ्ख्या बर्षेनी बढ्दै गइरहेको छ ।*
- *विश्वव्यापी मानव अधिकारको घोषणा पत्र तथा नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा सूचनाको हकको प्रत्याभूति गरिएको छ ।* ■

# "सूचनाको हक कार्यान्वयनमा प्रदेश मुख्य सचिवहरूको नेतृत्वदायी भूमिका"




सूचनाको हक कार्यान्वयन तथा अनुगमनका सन्दर्भमा प्रदेश सरकारका प्रमुख सचिवहरूसँग २०७७ असोज ८ गते राष्ट्रिय सूचना आयोगको आयोजनामा समन्वयात्मक भर्चुअल बैठक सम्पन्न भयो ।

आयोगका सचिव मणिराम ओझाले प्रदेश सरकार प्रमुख सचिवहरूसँगकोभर्चुअल बैठकको उद्देश्य, औचित्य र सान्दर्भिकताका बारेमा आफ्ना भनाई राख्दै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

बैठकमा आयोगका सूचना आयुक्त कमला ओली थापाले सूचनाको हकको कार्यान्वयनमा प्रदेश सरकारको भूमिकाको महत्व दर्शाउँदै आफ्नो धारणा राख्नु भएको थियो ।

सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना माग्ने र प्राप्त गर्ने नागरिकको हकको कार्यान्वयनमा प्रदेश सरकारको सक्रियता अझै बढाउन आवश्यक रहेकोले प्रदेश मातहतका सरकारी निकायलाई सूचनाको हकप्रति जवाफदेही बनाउन प्रदेशका मुख्य सचिव र सचिवहरूबाट सोही अनुसारको भूमिका निर्वाह हुने अपेक्षा आयोगले गरेको विचार व्यक्त गर्नुभयो ।

आयोगका तर्फबाट सह-सचिव डा. मुकुन्द प्रसाद पौड्यालले प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गर्दा सूचना दिनुपर्ने, आयोगले गरेका आदेशहरूको कार्यान्वयन, आयोगले गरेको अनुगमनसम्बन्धी प्रतिवेदनलगायतका विषय समावेश थिए ।

सो भर्चुअल बैठकमा सातै प्रदेशका प्रमुख सचिवहरूले सूचनाको हक सन्दर्भमा भएका कानुनी व्यवस्थाको कार्यान्वयनमा आफ्नो प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

बैठकको समापन गर्नुहुँदै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले प्रमुख सचिवहरू प्रदेशका प्रशासकीय नेतृत्व भएको हुँदा सूचनाको हकको बारेमा पनि त्यस अनुसारको नेतृत्वदायी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो ।

बैठकमा प्रदेश नं. १ का प्रमुख सचिव दिनेश भट्टराई, बाग्मती प्रदेशका प्रमुख सचिव मानबहादुर विश्वकर्मा, गण्डकी प्रदेशका प्रमुख सचिव विष्णुप्रसाद नेपाल, प्रदेश नं. ५ का कानुन सचिव राजेन्द्र थापा, कर्णाली प्रदेशका प्रमुख सचिव चन्द्रमान श्रेष्ठ र सुदुरपश्चिम प्रदेशका प्रमुख सचिव रामकृष्ण सुवेदीले भाग लिनुभएको थियो ।

बैठकमा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीहरूका साथै राष्ट्रिय सूचना आयोगका अधिकृत स्तरसम्मका कर्मचारीहरूको सहभागिता रहेको थियो । ■

# कोरोना महामारी र आयोगका आदेशहरु

राष्ट्रिय सूचना आयोगले कोरोना महामारीबारे सर्वसाधारण नागरिकलाई सही समयमा सही सूचना उपलब्ध गराउन नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई २०७६ माघ १९ गते आदेश दिएको थियो । कोरोनाका विषयमा सबै नेपालीले बुझ्ने भाषामा सूचना प्रचार-प्रसार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा दिएको आदेश, कोरोनाका कारण सङ्क्रमित तथा मृतकको विवरण दिँदा व्यक्तिगत सूचनाको गोप्यता कायम गर्दै थप स्पष्ट वा द्विविधा नहुने गरी विवरण सार्वजनिक गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवका नाममा आदेश दिएको थियो ।

यसैगरी कोरोना महामारीका लागि सार्वजनिक निकायहरुबाट भएका कार्यहरु तथा खर्चलगायतका विषय स्वतः सार्वजनिक गर्दै जान संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई दिइएको १६ बुँदे निर्देशन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई मल तथा कृषिसँग सम्बन्धित सामग्रीहरु उपलब्ध हुने विषयका सूचना उपलब्ध गराउन आदेश जारी गरेको थियो ।
कोरोना भाइरसबाट जोगिन प्रयोग हुने मास्क र स्यानिटाइजर को गुणस्तर, कोरोनाको औषधि वा रोकथामका लागि उपयोगी हुने भनी बिक्रीवितरणमा रहेका आयुर्वेदिक उत्पादनको गुणस्तर र संक्रमितको विवरण वडा तहसम्मको दिने सम्बन्धमा छलफल गर्न आयोगले २०७७ भदौ ३१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव,
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव, औषधि व्यवस्था विभागका महानिर्देशक, आयुर्वेद विभागका महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसमेतलाई भर्चुअल बैठकमा आमन्त्रण गरेको थियो ।

सो भर्चुअल बैठकपछि राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्डा (ग)बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा ४ बुँदे आदेश जारी गरेको थियो ।।

संघीय संसदको राष्ट्रिय सभा र प्रतिनिधिसभाका समितिहरुबाट नयाँ निर्माण हुने तथा संशोधन हुने कानुनमा कुनै पनि प्रकारको गोपनियता रहने प्रावधान हुने गरी कानुन निर्माण नगराउने व्यवस्था हुन उक्त समितिहरुलाई अनुरोध पनि गरिएको छ । ■

# ५ बर्षे रणनीतिक योजना (२०२१-२०२५) तयार हुँदै



आयोगको रणनीतिक योजना (२०१५-२०२०) को कार्यान्वयनपश्चात् अब अर्को चरणको रणनैतिक कार्ययोजना (२०२१-२०२५) को तयारी हुँदै गरेको छ । ग्ल्स्ए नेपालको प्राविधिक सहयोगमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ९ल्ब्क्रः० ले यो रणनीतिक योजना तर्जुमा गरिरहेको छ । यो रणनैतिक कार्ययोजनाले वर्तमान संघात्मक परिस्थितिमा सूचनाको हक प्रबर्द्धनमा अपनाउनुपर्ने कमदहरूको खाकासमेत तयार गर्नेछ । नेपालमा सूचनाको हकको कार्यान्वयनको क्रममा यो योजनाले सूचनाको हकको कार्यान्वयन प्रभावकारी हुने विश्वास गरिएको छ । यो पाँचवर्षे रणनैतिक कार्ययोजनामा मुख्यतः निम्न विषयहरू समेटिने प्रस्ताव गरिएको छ ।

- सूचनाको हकको कार्यन्वयनको प्रथम स्तम्भका रूपमा रहेको हरेक सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने सम्बन्धमा आयोगबाट गरिएको अध्ययनबाट सूचनाको हकको कार्यन्वयन कमजोर रहेको पाइएकोले आगामी दिनमा यी कमजोरी न्यूनीकरण गर्दै र हटाउँदै जानुका साथै सूचनाको हकको कार्यन्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सूचना अधिकारीलाई सक्षम, सबल अधिकारसम्पन्न तथा प्रोत्साहित बनाइराख्न नियमित रूपमा प्रशिक्षण दिने व्यवस्थाका लागि स्रोत-साधनको व्यवस्था गरिने विषय समावेश हुनेछ ।

- सूचना अधिकारीबाट सूचना उपलब्ध गराउन, प्रत्येक सार्वजनिक निकायले आफूले गरेका निर्णय तथा लिखतको अभिलेख राख्न, स्वतः प्रकाशन गर्न, सूचना नियमित रूपमा प्रवाह गरिरहन र भौतिक सुविधा व्यवस्थापन गर्न प्रत्येक सार्वजनिक निकायमा सूचनाको हक सम्बन्धी कार्यक्रमका लागि प्रत्येक वर्ष बजेट विनियोजन गर्ने व्यवस्थाका लागि सबै सार्वजनिक निकायका तर्फबाट प्रस्ताव गर्ने र सम्बन्धित सरकारले उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने विषयहरू यसमा समेटिनेछन् ।

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ ले सूचनादाताको संरक्षण सम्बन्धी महत्वपूर्ण व्यवस्था गरेकोले सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ भनी गरिएको व्यवस्थाको कार्यन्वयनका लागि सूचनादाताको संरक्षणसम्बन्धी नियमावली ल्याउनु पर्ने विषयहरू यसमा समेटिने छन् ।

- सार्वजनिक निकायको नेतृत्व वा उच्च पदमा पुग्ने व्यक्तिको सदाचार, सुशासन, जवाफदेहिता, पारदर्शिताप्रतिको प्रतिबद्धताले महत्वपूर्ण समाज र देशलाई समृद्ध बनाउन भुमिका खेल्छ भन्नेमा दुई मत हुन सक्दैन । यसलाई मापन गर्ने थुप्रै मापदण्डहरू मध्ये सूचनाको हकको पालना एउटा महत्वपूर्ण मापदण्ड हो । जसले सूचना प्रवाह गर्न, उपलब्ध गराउन र स्वतः प्रकाशनका माध्यमवाट उल्लेखित कार्यहरू गर्न तत्पर रहन्छ त्यस्तो व्यक्तिलाई उच्च पदमा पुऱ्याउँदा सार्वजनिक निकाय र सरकारका कामलाई पारदर्शी र जवाफदेही बनाउन सकिन्छ । यसले देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । तसर्थ, सूचनाको हकको कार्यन्वयनलाई सार्वजनिक निकायको उच्च पदमा पुग्ने मूल्याङ्कनको आधार बनाउन आवश्यक र उपयुक्त ठानी यस विषयलाई पनि रणनैतिक योजनामा समेटिनेछ ।

- सूचना माग गरेको र प्राप्त गरेको विवरण सार्वजनिक निकायमा रहन्छ । सूचनाको हक प्रचलन गर्न गराउन यस्तो विवरण सहयोगी हुन्छ । साथै सूचना माग गर्ने प्रवृत्ति, नागरिकको समुह तथा मागको प्रकारजस्ता तथ्याङ्कले सूचनाको हक सम्बन्धमा आयोग र सार्वजनिक निकायहरूले आगामी दिनमा लिनु पर्ने रणनीतिलाई स्पष्ट पार्न सहयोग गर्दछ । तसर्थ, यस प्रकारको अभिलेख अनिवार्य रूपमा राख्न र आयोगमा उपलब्ध गराउनुका साथै स्वतः प्रकाशन गर्न-गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूलाई निर्देशन हुनुपर्ने विषयहरू पनि यस रणनैतिक योजनामा समेटिने छन् ।

- नेपालको संविधानले तीन तहको शासकीय संरचना बनाएको र प्रदेश तथा स्थानीय स्तरका सार्वजनिक निकायहरूबाट नागरिक तहमा अधिकतम् सेवा प्रवाह हुने व्यवस्था गरेको छ । यसका कारण सूचनाको हकको प्रयोग अर्थात् सूचनाको माग स्थानीय तहमा बढी हुने गरेको छ । तसर्थ, शुरूवाती चरणमा आयोगले प्रत्येक प्रदेशमा थोरै कर्मचारी रहने गरी एक-एक वटा सम्पर्क कार्यालय खोल्न आवश्यक देखिएको छ । यससँग सम्बन्धित विषयहरू पनि यो रणनैतिक (२०२१-२०२५) योजनामा समावेश हुनेछन् । समग्रमा नेपालमा सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन विद्यमान ऐन, नियम, संगठन र कार्यक्रमगत पक्षहरूको SWOT विश्लेषण गरी प्रस्तावित रणनैतिक योजना तयार हुँदैछ । ▪

# राष्ट्रिय सञ्जाल नेपालसँग अन्तर्क्रिया

सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल, नेपालको आयोजनामा २०७७ भदौ २६ गते भएको अन्तर्क्रिया कार्यक्रममा आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गको प्रमुख अतिथिका रूपमा तथा सूचना आयुक्तहरू कमला ओली थापा र रत्नप्रसाद मैनालीको अतिथिका रूपमा सहभागिता रहेको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सूचनाको हकका क्षेत्रमा सूचनाको हकका अभियन्ताहरूबाट भएका कामको प्रशंसा गर्दै सञ्जाल र अभियन्ताहरूसँग सहकार्य गर्न आयोग सधैं तयार रहेको बताउनु भयो ।

सूचना आयुक्त कमला ओली थापाले अभियन्ताहरूले सूचना माग गर्दा कानुनी पक्षलाई पनि ध्यान दिन अनुरोध गर्दै आयोग नागरिकको हक कार्यान्वयन गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

सूचना आयुक्त रत्नप्रसाद मैनालीले बदलिंदो परिस्थितिसँगै सूचना मागकर्ताको सुरक्षाको विषय गम्भीर भएको बताउँदै यस विषयमा अभियन्ताहरू विशेष चनाखो रहनुपर्नेमा जोड दिनुभयो ।

## ‘सूचनाको हक कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्न आवश्यक’

फ्रिडम फोरम, नेपालको आयोजनामा साउन ९ गते भएको "Right to information:its uses, challenges and opportunity in present Nepal context" विषयक भर्चुअल कार्यशाला गोष्ठीमा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ प्रमुख वक्ताको रूपमा सहभागी हुनु भयो ।

सो कार्यक्रममा आफ्नो प्रस्तुतीकरण राख्दै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले सूचनाको हकजस्तो महत्वपूर्ण संवैधानिक हकको प्रवर्द्धन, सम्बर्द्धन र प्रचलनमा सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ताहरूको योगदान महत्वपूर्ण रहेको बताउनु भयो । सूचनाको हकको कार्यान्वयनमा विद्यमान चुनौतिहरूको सामना गर्नका लागि आयोग प्रतिबद्ध रहेको जनाउँदै प्रमुख सूचना आयुक्त गुरूङ्गले यसतर्फ सरोकारवाला सबै पक्ष पनि उत्तिकै जिम्मेवार हुनुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङको प्रस्तुतीउपर फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहाल र नेपाल पत्रकार महासंघका पूर्व सभापतिधर्मेन्द्र झाले टिप्पणी गर्नुभएको थियो ।

## ‘सूचनाको हकलाई समृद्ध र व्यापक बनाउन आवश्यक’

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस अर्थात् ‘थाहा पाउने’ दिवस (सेप्टेम्बर २८) को अवसरमा फ्रिडम फोरम, नेपालद्वारा आयोजित ‘नेपालमा सूचनाको हकका चुनौतीहरू–बहस’ विषयक भर्चुअल कार्यक्रममा आयोगका तर्फबाट सूचना आयुक्त रत्नप्रसाद मैनाली वक्ताको रूपमा सहभागी हुनुभयो ।


सो कार्यक्रममा आयोगबाट सम्पादन भएका काम र आयोगका आगामी कार्यक्रमबारे जानकारी दिंदै नागरिक अधिकारको रूपमा रहेको सूचनाको हकलाई अझै समृद्ध र व्यापक बनाउनु पर्ने धारणा सूचना आयुक्त रत्नप्रसाद मैनालीले राख्नुभयो । सूचनाको हकसम्बन्धी ऐन २०६४ लाई समयसान्दर्भिक बनाउन आवश्यक रहेको र त्यसका लागि व्यापक बहसको आवश्यकता रहेकोमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा संविधान तथा सुशासनविज्ञ काशीराज दाहाल, पूर्व सूचना आयुक्त सविता भण्डारी, वरिष्ठ पत्रकार तथा सूचनाको अधिकारका विज्ञ तारानाथ दाहाल र सूचनाको हकका लागि राष्ट्रिय सञ्जालका संयोजक उमिद बागचन्दको सहभागिता रहेको थियो । सो कार्यक्रमको सञ्चालन तथा संयोजन सञ्जीव घिमिरेले गर्नुभएको थियो ।

## महिला अभियन्ताहरुसँग अन्तर्क्रिया

राष्ट्रिय सूचना आयोगको आयोजनामा ‘सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानुनी प्रावधान’ विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम २०७७/०६/३० गते सम्पन्न भयो । कार्यक्रममा देशका विभिन्न जिल्लामा सूचनाको हकको क्षेत्रमामा क्रियाशील स्थानीय तहका उपप्रमुख, सञ्चारकर्मी, अभियन्ता तथा कानुन व्यवसायीहरूको सहभागिता रहेको थियो ।

भर्चुअल कार्यक्रममा आयोगको तर्फबाट सूचना आयुक्त कमला ओली थापाले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वतः प्रकाशन गर्नुपर्ने विषय, सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, सार्वजनिक निकायको दायित्वको विषय, आयोगले गरेका आदेशहरूको कार्यान्वयन सम्बन्धी विषय, आयोगले गरेको वेब अनुगमन सम्बन्धी प्रतिवेदनको विषय आदि समावेश गरी प्रस्तुतीकरण गर्नुभएको थियो ।




कार्यक्रमका सहभागीहरूले सूचनाको हकको कार्यान्वयन गर्ने सन्दर्भमा आ–आफ्नो विचार राख्नु भएको थियो । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारीले वक्ताको रूपमा सूचनाको हकका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने अन्य सात जना सहभागीहरूले आ–आफ्नो गुनासो र जिज्ञासा राख्नु भएको थियो ।

कार्यक्रमको समापन गर्नु हुँदै प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्गले सबैलाई धन्यवाद दिंदै सूचनाको हकको कार्यान्वयनका लागि आयोग सक्रियतापूर्वक लागिरहने बताउँदै सूचनाको हकमा निर्भिक भई कानुनको परिधिभित्र रही सूचना माँग गर्न र सो सम्बन्धमा कुनै समस्या आइपरेमा आयोगमा प्रक्रियागत जानकारी गराउनु हुन समेत सहभागीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रमको सुरूमा आयोगका सचिव मणिराम ओझाले स्वागत मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा देशभरिबाट ३५ जनाको सहभागिता थियो । ▪

# सूचना अधिकारी तोक्ने र स्वत: प्रकाशन निराशाजनक

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुरुप सार्वजनिक निकायहरूमा सूचना अधिकारी तथा स्वतः प्रकाशनसम्बन्धी यथार्थ अवस्थाको पहिचान गर्न हालको कोरोना महामारीका कारण स्थलगत अनुगमन सम्भव नभएकोले वेबमा आधारित अनुगमन गरिएको हो । आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिकमा राष्ट्रिय सूचना आयोगबाट प्रदेश १ र प्रदेश २ अर्न्तगतका कार्यालयहरूमा वेबमा आधारित अनुगमन भएको थियो ।

सो क्रममा प्रदेश नं १ मा रहेका संघ मातहतका केही कार्यालयहरूमा सूचना अधिकारी नतोकिएको पाइयो भने प्रदेश अन्तर्गतका अधिकांश कार्यालयहरूमा सूचना अधिकारी तोक्दै नतोकिएको पाइयो । प्राय: स्थानीय तहहरूमा सूचना अधिकारी नतोकिएको पाइयो ।

यसैगरी प्रदेश नं २ का विभिन्न कार्यालयहरूको अनुगमन गर्दा संघ मातहतका धेरै कार्यालयहरूमा सूचना अधिकारी नतोकिएको पाइयो भने प्रदेश अन्तर्गतका अधिकांश कार्यालयहरूमा सूचना अधिकारी नतोकिएको पाइयो । धेरै स्थानीय तहहरूमा सूचना अधिकारी नतोकिएको पाइयो ।

यस्तै प्रदेश नं १ का विभिन्न कार्यालयहरूको अनुगमन गर्दा संघका ०३ कार्यालयहरूमा स्वतः प्रकाशन गरिएको पाइयो भने कुनै पनि प्रदेश अन्तर्गतका कार्यालयहरू र स्थानीय तहहरूमा स्वतः प्रकाशन गरिएको पाइएन । यसैगरी प्रदेश नं २ का विभिन्न कार्यालयहरूको अनुगमन गर्दा कुनै पनि संघका कार्यालयहरू, प्रदेश अन्तर्गतका कार्यालयहरू र स्थानीय तहहरूमा स्वतः प्रकाशन गरिएको पाइएन ।

सर्वेक्षणका क्रममा धेरै स्थानीय तहका निकायहरूमा सूचना अधिकारी नतोकिएको पाइनुले स्थानीय तहहरूलाई सूचनाको हकको महत्वबारे पर्याप्त जानकारी नभएको बुझ्न सकिन्छ । यस सम्बन्धमा सबैजसो स्थानीय तहहरूमा अभिमुखीकरणको आवश्यकता रहेको प्रष्ट हुन्छ ।

स्वत : प्रकाशन नगर्ने निकायहरूको प्रकृति पनि करीवकरीव उस्तै छ । संघ अन्तर्गतका कार्यालयहरूले स्वत: प्रकाशन गर्ने गरे पनि प्रदेश र स्थानीय तहका कार्यालयहरूमा स्वतः प्रकाशन गर्ने अभ्यास अत्यन्तै न्यून पाइएको छ । स्मरणीय छ, सूचनाको हकको नियमावलीको नियम ३ अनुसार हरेक सार्वजनिक निकायहरूले आफूले गरेका कामको विवरणात्मक प्रतिवेदन प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन **(Proactive-Disclosure)** गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । ▪

## सन्दर्भ : सूचना दिवस

# सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थालाई थप सशक्त बनाउने आयोगको प्रतिबद्धता

हरेक वर्ष भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिए अनुसार यस बर्ष पनि सोही दिन राष्ट्रिय सूचना दिवस मनाइयो । यस अवसरमा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न-गराउन सूचनाको हकलाई संघदेखि स्थानीय तहसम्मका सार्वजनिक निकाय, नागरिक तथा सूचनाको हकका अभियन्तासम्म पुऱ्याउने तथा सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको पालना गर्न-गराउन उत्प्रेरित गराउने परम्परालाई अझ थप सशक्त बनाउने प्रतिबद्धता आयोगले गरेको छ ।

नेपालको संविधानले तीन तहको शासकीय संरचनाको व्यवस्था गरेबमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा संशोधन गरी प्रदेश तथा स्थानीय तहमा रहेका सार्वजनिक निकायहरुलाई पनि यसको कार्यक्षेत्रभित्र समेटेपश्चात् यसरी प्रदेश तथा स्थानीय तहमा गठन हुने सार्वजनिक निकायहरुमा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गराई संविधानले कायम गरेको सार्वजनिक निकायमा हुने सूचनामा सर्वसाधारण नागरिकको पहुँच पुऱ्याई नागरिकलाई सुशासनको अनुभूति दिनुपर्ने दायित्व सार्वजनिक निकायको हो । राष्ट्रिय सूचना आयोगले यस विषयलाई गम्भीरतापूर्वक लिएको विषय रणनीतिक योजनामा स्थानीय तहसम्म सूचनाको हकको अभिमुखीकरण कार्यक्रमलाई उल्लेख गर्नुले पुष्टि गरेको छ ।

## दिगो विकासका लक्ष्यहरु र सूचनाको हक

सन् २०३० सम्म दीर्घकालीन विकासका लक्ष्यहरू तोकी संयुक्त राष्ट्र संघले अगाडि बढाएका १७ लक्ष्यहरूमध्ये १६ औं लक्ष्य प्रभावकारी, उत्तरदायी र समावेशी संगठनहरूको निर्माण गरिने विषयसँग सम्बन्धित छ । सबै सार्वजनिक निकायहरू प्रभावकारी हुनुपर्ने, उत्तरदायी हुनुपर्ने र समावेशी हुनुपर्ने यसको मान्यता छ । सबै तहका सार्वजनिक संस्थाहरू पारदर्शी हुनुपर्ने, सुशासन कायम गर्न कामयावी हुनुपर्ने र जवाफदेही हुनुपर्ने मान्यताका साथ समावेश गरिएको यो लक्ष्यमा सूचनाको हकलाई मौलिक हक मानी सूचनामा पहुँचको महत्वलाई अंगीकार गरिएको छ । यसका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरू सूचनाको हकको प्रबर्द्धन गर्ने प्रकारका हुनुपर्ने र सार्वजनिक निकायहरूबाट सम्पादन गरिने निर्णय, योजना, कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सर्वसाधारणलाई समयमै मागेको सूचना उपलब्ध गराउनुपर्ने गरी मौलिकहकलाई ठूलो महत्व दिइएको छ । तसर्थ, सूचनाको हक दिगो विकासकालक्ष्यहरूको अभिन्न अङ्ग भएको स्पष्ट हुन्छ । ▪

## आयोगसँग विकास तथा .....

आधारस्तम्भ भएकोले सूचना अधिकारी तोकी सबै निकायहरूबाट सम्पादित कार्य स्वतः ३/३ महिनामा प्रकाशन गर्न गराउने एवम् सेवाग्राहीले मागेको सूचना सरल र बुझिने भाषामा तोकिएको अवधिभित्र उपलब्ध गराउने कार्य कार्यान्वयन गर्न निर्देशन दिने ।

- राष्ट्रिय सूचना आयोगलाई सहज र प्रभावकारी रूपमा काम गर्ने वातावरण सिर्जना गर्न भौतिक संरचना, पर्याप्त स्रोतसाधन र आवश्यक जनशक्तिको व्यवस्था मिलाउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने । ▪

## "सकारी निकायहरूको विश्वसनीयता र पारदर्शिता बृद्धि गर्न सूचनामा निर्वाध पहुँच हुनुपर्ने"

आयुक्तहरूको अन्तर्राष्ट्रिय संस्था International Conference of Information Commissioners (ICIC) सूचनाले २८ सेप्टेम्बर, २०२० मा अन्तराष्ट्रिय सूचना दिवस International Day for Universal Access to Information (IDUAI) मनाएको खबर प्राप्त भएको छ ।

विश्वका ५६ देशहरू सदस्य रहेको ICIC ले एक प्रेश विज्ञप्ति जारी गर्दै सो संस्थाले UNESCO सँग मिलेर कार्य गर्न पाउँदा खुसी लागेको जनाएको छ ।

कोरोना महामारीमा सूचनाको पहुँचको महत्व अझै बढ्ने उल्लेख गर्दै सकारी निकायहरूको विश्वसनीयता बृद्धि गर्न, पारदर्शिता बृद्धि गर्न सूचनामा निर्वाध पहुँच हुनुपर्ने जनाएको छ । साथै, सूचनामा सरल र सहज पहुँचले नागरिकलाई सार्वजनिक नीति निर्माणको अवस्थाबारे पनि जानकारी दिने जनाउँदै असल अभिलेख व्यवस्थापन, उपयुक्त सूचना प्रशोधन र स्वतः प्रकाशनका क्षेत्रमा सूचना आयुक्तहरूको ठूलो भूमिका रहने पनि उल्लेख गरेको छ । विशेषतः सार्वजनिक हितमा सूचनाहरू प्रयोग हुने हुँदा हालको स्वास्थ्य संवेदनशीलताको परिवेशमा सूचनाको अधिकारको महत्व ठूलो रहेको समेत आईसीआईसीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

यसै सन्दर्भमा ICICले सूचना आयुक्तहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय विशिष्टीकृत संस्थाहरूसँग आगामी दिनमा मिलेर कार्य गर्ने पनि जनाएको छ । UNESCO सँग मिलेर कार्यक्रम गर्न पाउँदा आपसी विशेषज्ञता र अनुभवको आदानप्रदान भई सूचनाको हक सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यास र मापदण्डहरू विकास गर्न थप सहयोग पुग्ने पनि आईसीआईसीले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

## सञ्चार संस्थाहरूसँग सम्झौता

राष्ट्रिय सूचना आयोग र तीनवटा सञ्चार संस्थाबीच सूचनाको हकसम्बन्धी कार्यक्रम प्रकाशन र प्रसारण गर्ने सम्झौता भएको छ ।

आयोग र रेडियो नेपालबीच सूचनाको हकसम्बन्धी कार्यक्रम १५ मिनेका दरले २१ वटा शृङ्खला प्रसारण गर्न २०७७/०५/०३ मा सम्झौता भएको छ । कार्यक्रम प्रसारण समय हरेक महिनाको दोस्रो र चौथो शनिवार बिहान ७:४० देखि ७:५५ सम्म) तोकिएको छ ।

त्यस्तै गोरखापत्र संस्थानसँग १५ अङ्क सूचनाको हकसम्बन्धी जानकारीमूलक सामाग्री प्रकाशन गर्न २०७७/०६/०९ गते सम्झौता सम्पन्न भएको छ ।

नेपाल टेलिभिजनसँग १० भाग शृङ्खला टक शोमा आधारित कार्यक्रम प्रसारण गर्न २०७७/०६/०८ मा सम्झौता सम्पन्न गरिएको छ ।

## "सूचनाको अधिकार" प्रकाशित




'सूचनाको अधिकार' (RTI Journal) नामक पुस्तिका राष्ट्रिय सूचना आयोगबाट वार्षिक रूपमा प्रकाशित हुँदै आएको लेखहरूको सङ्ग्रह हो । सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रयोगमा देखिएका समस्या तथा राष्ट्रिय सूचना आयोग, अभियन्ता, पत्रकार, नागरिकलगायत समाजका विभन्न पक्षबाट यस क्षेत्रमा भएका र हुनुपर्ने कार्यका विषयमा केन्द्रित रहेर तयार गरिएका लेख/रचनाहरू यसमा समेटिएको छ ।

नागरिकको महत्वपूर्ण अधिकारको प्रयोगको क्षेत्रमा देखिएका समस्या, सूचनाको हकसम्बन्धी कानुनमा समेटिनु पर्ने थप विषय, आयोगको भूमिका र यसबाट भएका आदेशहरूको प्रभावबारे यस सङ्ग्रहमा प्रकाशित रचनाहरूले सूचनाको अधिकारको क्षेत्रमा चासो राख्नेहरूलाई सन्दर्भसामग्रीका रूपमा सहयोगी हुने ठानिएको छ ।

## पूर्व प्रमुख सूचना आयुक्तको नाममा पुरस्कारको नामाकरण



आयोगद्वारा प्रत्येक बर्ष प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका पहिलो प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रबर्द्धनमा उल्लेखनीय योगदान गरेको सम्मानस्वरूप उहाँको नाममा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको छ ।

## कर्मचारीको सरुवा

यस आयोगमा कार्यरत सहसचिव बिनु बज्राचार्य कुँवर, उपसचिव दिवस आचार्य र शाखा अधिकृत सिजन कुमार ओली सरूवा भई नेपाल सरकारका अन्यत्र कार्यालयहरूमा रमाना लिई जानुभयो ।

साथै यस आयोगमा सहसचिव डा. मुकुन्द प्रसाद पौड्याल, उपसचिव फणिन्द्र दाहाल र शाखा अधिकृत श्रीकृष्ण खत्री सरूवा भई आउनुभयो । डा. पौड्याल आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौडाबाट, दाहाल जिल्ला समन्वय समितिको कार्यालय, रामेछापबाट र खत्री मेलम्ची नगरपालिका सिन्धुपाल्चोकबाट सरूवा भई आउनुएको छ । ■

# सार्वजनिक निकायको दायित्व

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल, गैरसरकारी संघ/संस्था, निजी क्षेत्र र कानुनद्वारा स्थापित सबै निकायलाई समेटिएको छ ।
- सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु पर्दछ ।
- सूचनाको वर्गीकरण गर्नुपर्छ र बीस बर्षसम्मका सूचना अद्यावधिक गरी राख्नुपर्छ ।
- प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी गतिविधि स्वतः सार्वजनिक गर्नुपर्छ र आफ्नो निकायमा रहेको सूचनामा नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु पर्छ ।
- आफ्ना कर्मचारीलाई सूचना प्रवाहमा सक्षम तुल्याउन तालिम दिनु पर्छ ।
- आफ्नो निकायको काम-कारबाही खुला र पारदर्शी तुल्याउनु पर्छ । विभिन्न सञ्चार माध्यम र भाषाको उपयोग गरी आफ्नो निकायसम्बन्धी सामग्री सार्वजनिक गर्नु पर्छ ।
- सार्वजनिक निकायले सूचना अधिकारी तोक्नु पर्छ र तिनलाई सूचनायुक्त तुल्याउनु पर्छ ।
- नागरिकले सूचना माग गर्न पेश गर्ने निवेदन विनयशीलतापूर्वक ग्रहण गर्नु पर्छ ।
- जिउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग भएमा २४ घण्टाभित्र उपलब्ध गराउनु पर्दछ । अन्य सूचना अधिकतम् १५ दिनभित्र उपलब्ध गराउनु पर्छ ।
- सम्भव भएसम्म निःशुल्क रूपमा सूचना दिनु पर्छ । दस्तुर लिनै परे न्यूनतम् रकम लिनु पर्छ ।
- सूचनादाताको संरक्षण गर्नु पर्छ । आफ्नो निकायमा गलत सूचना अद्यावधिक भएको जानकारी भएमा सच्याएर वास्तविक सूचना मात्रै राख्नु पर्छ ।
- सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा सधै क्रियाशील भई लोकतन्त्रको पक्षमा काम गर्नु पर्छ ।
- राष्ट्रिय सूचना आयोगको आदेशको पूर्ण पालना गर्नु पर्छ ।

सम्पादक मण्डल : रत्नप्रसाद मैनाली, सूचना आयुक्त, डा. मुकुन्द प्रसाद पौड्याल सह-सचिव, सन्ध्या सिग्देल, शाखा अधिकृत

सल्लाहकार : महेन्द्रमान गुरूङ्ग, प्रमुख सूचना आयुक्त, कमला ओली थापा सूचना आयुक्त, मणिराम ओझा, सचिव

प्रकाशक

राष्ट्रिय सूचना आयोग

देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल

फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२